
१७ औं
संक्षिप्त वार्षिक आर्थिक विवरण
२०६६-६७
विशुद्ध बैंकिङ्गको मान्यतालाई अंगिकार गर्दै
अवसर
तर्फ अग्रसर
नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
विशुद्ध बैंकिङ्ग... अरु केही होइन

## संचालक समिति



**बालकृष्ण श्रेष्ठ**
अध्यक्ष
सर्वसाधारण शेयरधनीबाट निर्वाचित



**प्रतिप चौधुरी**
सञ्चालक
एस.बि.आई. बाट मनोनित



**राजिवपाल सिंह**
सञ्चालक
एस.बि.आई. बाट मनोनित



**एस. के. भट्टचार्य**
सञ्चालक
एस.बि.आई. बाट मनोनित



**मनोज कुमार अग्रवाल**
सञ्चालक
सर्वसाधारण शेयरधनीबाट निर्वाचित



**मोहन राज जोशी**
सञ्चालक
विशेषज्ञ संचालक



**हसना शर्मा**
सञ्चालक
कर्मचारी संचयकोषबाट मनोनित



**एन. के. चारी**
प्रबन्ध सञ्चालक
एस.बि.आई. बाट मनोनित

## नेपाल एसबिआई बैंक लिमिटेडको
## सत्रौं वार्षिक साधारणसभासम्बन्धी सूचना

शेयरधनी महानुभावहरू,

यस बैंकको संचालकसमितिको वि.सं. २०६७ मंसिर २० गते बसेको २७० औं बैठकको निर्णयअनुसार यस बैंकको सत्रौं वार्षिक साधारणसभा देहायका विषयहरूमा छलफल गर्नका लागि तल लेखिएअनुसारको स्थान र समयमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवं उपस्थितिका लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति** : वि.सं. २०६७ पौष २७ गते (तदनुसार ११ जनवरी २०११) मङ्गलवार ।
**स्थान** : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।
**समय** : दिनको ११:०० बजे ।

**बैंकको १७ औं बार्षिक साधारणसभाको छलफलको विषयसूची**

### क. सामान्य प्रस्तावः

१. आ.व. २०६६/६७ का लागि संचालकसमितिको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व.२०६६/६७ को वार्षिक आर्थिक विवरण (वि.सं.२०६७ आषाढ मसान्तको वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाबलगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरूसमेत) छलफल गरी पारित गर्ने ।
३. आ.व. २०६७/६८ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने । (बहालवाला लेखापरीक्षक मेशर्स पि. एल. श्रेष्ठ एण्ड कं., चार्टर्ड एकाउण्टेण्स् पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)।
४. शेयरधनीलाई मौजुदा चुक्ता पूँजीमा ५ प्रतिशतका दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ( साधारण सभा प्रयोजनका लागि बुक क्लोजर मितिका दिन कायम चुक्ता पुँजिलाई आधार मानिनें) ।
५. सर्वसाधारण शेयरधनीबाट संचालकसमितिमा प्रतिनिधित्व गर्ने दुई संचालकहरूको निर्वाचन गर्ने ।
६. विविध ।

### ख. विशेष प्रस्ताव :

१. शेयरधनीलाई मौजुदा चुक्ता पूँजीमा १२.५ प्रतिशत (अर्थात् प्रत्येक १०० कित्ता शेयरबराबर १२.५ कित्ता) का दरले बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।
२. बोनस/हकप्रद शेयर जारी गरेको कारणबाट बैंकको चुक्ता पूँजी र जारी पूँजीमा वृद्धि गर्नलाई स्वीकृति प्रदान गर्ने ।
३. बोनस/हकप्रद शेयर जारी गरेको कारणबाट बैंकको प्रबन्धपत्र र नियमावलीको दफा ५ (ख) र (ग) मा संशोधन गर्न स्वीकृति प्रदान गर्ने र यससम्बन्धमा नियमन निकायहरूले कुनै निर्देशन दिएमा संचालकसमितिलाई प्रबन्धपत्रको संशोधित दफामा आवश्यकताअनुसार परिवर्तन गर्न स्वीकृति प्रदान गर्ने ।
४. बैंकले आ.व. २०६६/६७ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा प्रसूति गृहलाई एम्बुलेन्स दान गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सोअन्तर्गत भएको खर्च रू. ८९१,११०.४० लाई अनुमोदन गर्ने ।

संचालकसमितिको आज्ञाले,
कम्पनी सचिव

(साधारणसभासम्बन्धी विस्तृत जानकारीका लागि वि.सं. २०६७ मंसिर २७ गते (तदनुसार १३ डिसेम्बर २०१०) को नागरिक तथा अभियान दैनिकमा प्रकाशित सूचना हेर्नुहुन अनुरोध छ ।)

# सत्रौं वार्षिक साधारणसभा समक्ष प्रस्तुत संचालक समितिको प्रतिवेदन

## विगत वर्षको समिक्षा

मुनाफामा पर्याप्त वृद्धि, कार्यदक्षतामा सुधारका साथै सबल एवं स्थिर वृद्धिको माध्यमबाट आफ्नो पहुँचलाई विस्तार गर्दै नेपाल एसबिआई बैंकले आ. व. २०६६/६७ लाई सफलतापूर्वक पार गरेको छ। विश्वव्यापी एवं स्थानीय वातावरणले पैदा गरेका चुनौतीहरू र सिंगो बैंकिङ्ग व्यवसाय नै चरम प्रतिस्पर्धात्मक अवस्थामा गुज्रिरहेको विषम परिस्थिति विद्यमान हुँदाहुँदै पनि यो सफलता हासिल हुन सकेको छ।

## संचालन वातावरण

नेपालमा विगत केही वर्षदेखिनै बैंकिङ्ग व्यवसाय संचालनको वातावरण निकै नै जटिल हुँदै आएको छ भने समीक्ष वर्ष पनि त्यसबाट अछुतो रहन सकेन । उच्च मुद्रास्फीति र न्यून व्यवसायिक विश्वासले बैंकिङ्ग उद्योगका लागि कठिन परिस्थिति उत्पन्न गरिदिएको छ। राज्यले आधार मूल्यमा ३.५ प्रतिशत र उत्पादन मूल्यमा ४.६ प्रतिशतको दरले कुल गार्हस्थ्य उत्पादन वृद्धिदर हासिल गर्ने लक्ष्य लिएको छ। प्रतिकूल मौसमको प्रभावले गर्दा कृषि क्षेत्रमा १.१ प्रतिशतको नगण्य वृद्धि मात्र हासिल हुन सकेका कारण उक्त वृद्धिदरमा कमी आएको हो। यस अवधिमा औद्योगिक एवं उत्पादन क्षेत्रमा ३.९ प्रतिशत र सेवा क्षेत्रमा ६.३ प्रतिशतले वृद्धि भएको छ। गैर खाद्य वस्तु तथा सेवा समूहमा भएको ४.७ प्रतिशतको न्यून वृद्धिको कारणले गर्दा वार्षिक उपभोक्ता मूल्य परिसूचक १०.५ प्रतिशतमा सीमित रहेको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा १३.२ प्रतिशत रहेको थियो । आ.व.२०६५/६६ मा देश भित्रिने विदेशी पर्यटकहरूको संख्यामा ०.९ प्रतिशतले सीमान्तकृत कमी देखिएकोमा समीक्ष वर्षमा भने पर्यटन आगमनमा १२.८ प्रतिशतले वृद्धि भयो ।

बाह्य व्यापारको हकमा, आयातमा भारी मात्रामा वृद्धि भएको र निर्यातमा कमी हुन गएकाले गर्दा अघिल्लो आ. व. मा भुक्तानी सन्तुलन रू.४४.७६ अर्बले सकारात्मक रहेको मा समिक्ष वर्षमा रु. २.६२ अर्बले घाटा हुनपुग्यो । विगतका वर्षहरूमा वैदेशिक मुद्राको सञ्चिति पर्याप्त हुने गरेको कारण भुक्तानी सन्तुलन सकारात्मक अवस्थामा रहने गरेको थियो तर समीक्ष वर्षमा वैदेशिक मुद्राको सञ्चितिमा ७ प्रतिशतले गिरावट आई रू. २६६.५७ अर्बमा सीमित भएका कारण भुक्तानी सन्तुलन विगतको भन्दा ठीक उल्टो अवस्थामा आइपुगेको छ।

देशमा विद्यमान निराशाजनक लगानी वातावरणले गर्दा समीक्ष वर्षमा प्रत्यक्ष वैदेशिक लगानीसमेत उत्साहजनक रूपमा भित्रिन सकेन । प्रत्यक्ष वैदेशिक लगानी र संयुक्त लगानीका लागि स्वीकृत कुल रू. ९.१० अर्ब लगानीका जम्मा १७१ उद्योगहरूमा ७८४८ जनाले रोजगारी पाउने अपेक्षा गरिएको छ।

विश्वव्यापी आर्थिक मन्दीले समीक्ष वर्षको पछिल्ला महिनाहरूमा वैदेशिक रोजगारीमा नकारात्मक असर पाऱ्यो । यद्यपि २ लाख १७ हजार व्यक्तिहरूले खासगरी मलेशिया, कतार, साउदी अरब र युनाइटेड अरब इमिरेट्सलगायतका देशहरूमा वैदेशिक रोजगारीमा जानको लागि वैदेशिक रोजगार विभागबाट अन्तिम स्वीकृति प्राप्त गरे । सन् २००९ को जुलाई महिनाको अन्त्यसम्ममा वैदेशिक कामदारहरूले भित्राएको विप्रेषणमा ४७ प्रतिशतले वृद्धि भई २ अर्ब नाघेकोमा समीक्ष अवधिमा नेपाल भित्रिने विप्रेषणमा १०.५ प्रतिशतले मात्र वृद्धि भई उक्त विप्रेषणको अंक केवल रू. २३१.७३ अर्बमा सीमित रह्यो ।

समग्र आर्थिक परिवेश नै प्रतिकूल परिस्थितिमा गुज्रिरहेको अवस्थामा पनि यहाँहरूको बैंकले संचालन मुनाफामा २८.९२ प्रतिशतको उल्लेख्य वृद्धि दर हासिल गरेको छ, जसलाई वास्तवमै उल्लेख्य उपलब्धि मान्नुपर्ने हुन्छ । बैंकको खराब कर्जा र खर्च/आम्दानीको अनुपात बैंकिङ्ग उद्योगमै सबैभन्दा कममध्ये एक रहेको छ।

मजबुत जगेडा कोष, उत्कृष्ट तरलता, स्वस्थ पूँजी पर्याप्तता अनुपात, उत्पादनमा नयाँ प्रविधि, चुस्त सांगठनिक संरचना र उत्प्रेरित जनशक्ति जस्ता आफ्ना मौलिक पहिचानहरूको माध्यमबाट जस्तोसुकै प्रतिकूल परिस्थितिको सामना गर्न आफू सक्षम हुने कुरामा यहाँहरूको बैंक विश्वस्त रहेको छ । आफ्ना सेवाहरूको वितरण प्रक्रिया एवं कार्य संस्कृतिमा निरन्तर रूपमा सुधार गरी बैंकले सम्बद्ध सरोकारवालाहरू सबैलाई उचित मुनाफा प्रदान गर्ने कार्यलाई जारी राख्नेछ ।

## बैंकिङ्ग उद्योग

"क" वर्गका २७ वाणिज्य बैंकहरू, "ख" वर्गका ७९ विकास बैंकहरू र "ग" वर्गका ७९ वित्त कम्पनीहरू तथा वित्तीय मध्यस्थकर्ताहरूबीच वित्तीय बजारमा आ-आफ्नो हिस्सा ओगट्न होडबाजी चलिरहेको वर्तमान उच्च प्रतिस्पर्धी वातावरणमा बैंकहरूले कार्य गर्दै आएका छन् । यस्तो उच्च प्रतिस्पर्धात्मक वातावरण विद्यमान हुँदाहुँदै पनि बैंकिङ्ग क्षेत्र आफ्नो मुनाफा स्तरलाई कायम राख्न भने सक्षम भइरहेको छ । तर, बजारमा तरल तथा न्यून लागत पर्ने निक्षेपको अभाव भएका कारण आउँदा वर्षहरूमा खुद ब्याज अन्तरमा भने कमी आउने अनुमान गरिएको छ । बैंकहरूले आफ्नो मुनाफा स्तर कायम राख्न आउँदा दिनहरूमा खासगरेर ब्याज आम्दानीबाहेकका अन्य स्रोतमा वृद्धि गर्नेतर्फ बढी ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।

उच्च मुद्रास्फीति एवं तरलताको अभाव रहेको हालको वातावरणमा बचत परिचालन एउटा चुनौतीको रूपमा देखा परेको छ । यस चुनौतीको विकल्पको रूपमा बचतकर्ताहरूलाई उच्च ब्याज प्राप्त हुने खालका आवधिक (मुद्दती) निक्षेप योजना तथा बचतकर्ताहरूलाई विविध आकर्षणहरू प्राप्त हुने किसिमले बचत खाता योजनाहरू प्रचलनमा ल्याउन सकिने भए तापनि दैनिक जीवनयापनसँग सम्बद्ध वस्तु तथा सेवाको लागत बढ्न गएका कारण आम जनताको बचतयोग्य आम्दानीमा भने ह्रास आउने देखिन्छ। आ. व. २०६६/६७ मा वाणिज्य बैंकहरूको बचत १०.६५ प्रतिशत (रु. ६७.२८ अर्ब) ले वृद्धि भई वि.सं. २०६७ को आषाढमासान्त सम्ममा रू ६३१.२८ अर्ब पुगेको छ । त्यसैगरी समीक्षा अवधिमा कर्जा र सापटी पनि १५.८० प्रतिशत (रु. ७३.०७ अर्ब) ले वृद्धि भई रू. ४६२.२ अर्ब पुगेको छ ।

अधिकांश बैंकहरूको पूँजी पर्याप्तता अनुपातले स्थानीय र अन्तर्राष्ट्रिय दुवै नियामक प्रावधानहरूको सीमा नाघ्न पुग्यो । हालैका वर्षहरूमा प्राविधिक जोखिमहरूलाई न्यूनिकरण गर्दै वित्तीय बजारका पूर्वाधारहरूमा उल्लेख्य रूपमा सुधार आएका कारण उत्पादन र सेवा प्रवाहमा नयाँ पद्धतिको सुरूवात देखिएको छ ।

वित्तीय कारोबारमा वृद्धिसँगसँगै हालैका वर्षहरूमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति भौगोलिक र संख्यात्मक दुवै रूपमा विस्तार भएको छ । वाणिज्य बैंकहरूको शाखा विस्तारप्रति ने.रा.बैं. को उदार नीति तथा शान्ति-सुरक्षामा आएको सुधारको कारणले गर्दा वि.सं. २०६७ आषाढमसान्त सम्ममा वाणिज्य बैंकहरूको शाखाको संख्या बढेर ९६६ पुगेको छ । यहाँहरूको बैंकलगायत धेरैजसो बैंकहरूले आफ्ना शाखाहरू काठमाडौं उपत्यका बाहिर विस्तार गर्न सफल भएका छन् । देशको सुरक्षा अवस्थामा आएको सुधार र शाखा विस्तारका सम्बन्धमा ने.रा.बैं.ले अपनाएको उदार नीतिका सम्बन्धमा कुरा गर्दा त्यसको स्वागत गर्नैपर्ने हुन्छ । यसै कारण अन्य बैंक लगायत यहाँहरूको बैंक समेतलाई आफ्ना अधिकांश शाखाहरू काठमाडौं उपत्यकाभन्दा बाहिरका स्थानहरूमा विस्तार गर्न सफलता मिलेको छ । परिणामस्वरूप, हालैका दिनहरूमा काठमाडौं उपत्यकामा देखिएको चरम प्रतिस्पर्धाको स्थिति आउँदा दिनहरूमा उपत्यकाबाहिरका शाखाहरूमा समेत देखिने भएको छ ।

## बैंकको व्यवसायलाई प्रभाव पार्ने अन्य तत्वहरू

ने.रा.बैं. ले आ.व. २०६६/६७ को मौद्रिक नीति घोषणा गर्ने क्रममा सोही आ. व. को अन्त्यसम्ममा वाणिज्य बैंकहरूलाई आफ्नो वैधानिक तरलता अनुपात ८ प्रतिशत कायम राख्नु पर्ने व्यवस्था गरेको थियो र यस अनुपातलाई आ.व. २०६७/६८ को मौद्रिक नीति घोषणा गर्ने क्रममा बढाएर १५ प्रतिशत पुर्‍याइएको छ,

जसमा भल्टमा रहेको नगद, ने.रा.बैं. मा रहेको नगद आदि समावेश छन् । यस्तो प्रावधान बैंकिङ्ग क्षेत्रको सुरक्षाका लागि उपयुक्त कदम भएतापनि स्वीकृत सुरक्षणमा गरिने लगानीबाट प्राप्त हुने लाभ, कर्जा लगानीबाट प्राप्त हुने लाभभन्दा न्यून हुने भएकाले यस्तो प्रावधानका कारण बैंकको मुनाफा भने प्रभावित बन्न सक्ने देखिन्छ ।

ने.रा.बैं. ले आफ्नो मौद्रिक नीतिमार्फत सार्वजनिक गरेको एकल ग्राहक कर्जा सीमासम्बन्धी परिवर्तित व्यवस्था अर्को एउटा प्रावधान हो, जसले एकल ग्राहक कर्जा सीमा कोषमा आधारित २५ प्रतिशत र गैरकोषमा आधारित २५ प्रतिशत गरी प्राथमिक पूँजीको ५० प्रतिशत रहने विगतको प्रावधानलाई परिवर्तन गरी वि.सं. २०६७ माघ देखि लागू हुने गरी एकल ग्राहक कर्जा सीमा कोषमा आधारित र गैरकोषमा आधारित दुवै मिलाएर प्राथमिक पूँजीको २५ प्रतिशतमा झारिदिएको छ । यसले बैंकहरूलाई आफ्ना ग्राहकहरूलाई दिई आएको कर्जा सुविधा सीमालाई कायम राख्न आफ्नो पूँजीगत क्षमतामा सुधार गर्नुपर्ने खाँचो पैदा गरिदिएको छ ।

बजारमा तालिमप्राप्त जनशक्तिको अभाव हुँदाहुँदै पनि नयाँ बाणिज्य बैंकहरूको आगमन हुनु र मौजुदा बैंकहरूले आफ्नो शाखा विस्तार अभियानलाई तीव्र पार्नुले कर्मचारीहरूलाई आफ्नै बैंकको सेवामा कायम राख्ने कुरा पनि बैंकहरूका लागि अर्को चुनौती बनेको छ ।

## ५. हाम्रो सफलताको मापन

मुलुकको समग्र आर्थिक परिवेश प्रतिकूल रहेको र बैंकिङ्ग बजार समेत अत्यन्त प्रतिस्पर्धी अवस्थामा गुज्रिरहेको भएतापनि समग्र कार्यसम्पादनमा सुधार गर्न बैंक सफल भयो । बैंकले देशका प्रमुख बैंकहरूमध्येको एउटा बैंकको रूपमा लगातार आफ्नो पहिचान स्थापित गर्दै आइरहेको मात्र होइन यहाँहरूको बैंक मुनाफामुखी

| **वार्षिक परिणामहरु** | **२०६६-६७** | **२०६५-६६** | **परिवर्तन** (%) |
|---|---|---|---|
| कुल संचालन आम्दानी | १,१०६,८२७,७७६ | ८२८,६६६,४७१ | ३३.५७ |
| संचालन मुनाफा | ५७०,२९०,४३० | ४४२,३६६,३८३ | २८.९२ |
| आयकर व्यवस्था | १८३,०१५,३५० | १३३,१२३,५०२ | ३७.४८ |
| खुद मुनाफा | ३९१,७४२,११९ | ३१६,३७३,४९५ | २३.८२ |
| कुल लाभांश (नगद र बोनस) | २९०,७८०,५०७ | ३६८,२२२,२४८ | (२१.०३) |
| **वर्ष अन्त्यको स्थिति** | **२०६६-६७** | **२०६५-६६** | **परिवर्तन (%)** |
| शेयरधनी कोष | २,४४०,८६३,०७० | १,७०२,५७१,३५४ | ४३.३६ |
| निक्षेप | ३४,८९६,४२४,२०१ | २७,९५७,२२०,७९४ | २४.८२ |
| कुल कर्जा तथा सापटी | १७,९६३,६४१,१७९ | १५,६१२,०५०,४११ | १५.०६ |
| कुल लगानी | १६,३०५,६३२,८१५ | १३,२८६,१८१,६६० | २२.७३ |
| कुल सम्पत्ति | ३८,०४७,६७९,४६५ | ३०,१६६,४३९,५४९ | २६.१३ |

| **प्रतिशेयर सुचना (रु.)** | **२०६६-६७** | **२०६५-६६** |
|---|---|---|
| प्रति शेयर आम्दानी | २३.६९ | ३६.१८ |
| प्रतिशेयर लाभांश (बोनससमेत) | १७.५० | ४२.११ |
| वर्षको अन्त्यमा प्रचलित बजार मूल्य | ७४१.०० | १९००.०० |
| वर्षको अन्त्यमा प्रचलित किताबी मूल्य | १४७.६१ | १९४.६८ |

| **वित्तीय अनुपातहरु** | **२०६६-६७** | **२०६५-६६** |
|---|---|---|
| शेयरधनीहरूलाई पूँजी लगानीबापतको प्रतिफल (%) | १६.०५ | १८.५८ |
| खुद स्थिर सम्पत्तीमा प्रतिफल (%) | ९३.६६ | १२४.७६ |
| मुल्य आम्दानी अनुपात (गुणङ्कमा) | ३१.२८ | ५२.५२ |

| **पूँजी कोष अनुपात** | **२०६६-६७** | **२०६५-६६** |
|---|---|---|
| जोखिम भारित सम्पत्तिमा पूँजी कोषको पर्याप्तता | | |
| -प्राथमिक पूँजी/कुल जोखिम भारित सम्पत्ति (टायर १) (%) - न्युनतम आवश्यक ६% | १०.८९ | १०.०३ |
| -पूँजी कोष/कुल जोखिम भारित सम्पत्ति (टायर १ र टायर २)(%)- न्युनतम आवश्यक १०% | १२.२५ | ११.९२ |
| खराब कर्जाको कुल कर्जा सँगको अनुपात (%) | १.४८ | २.०२ |
| कुल खराब कर्जासँग कुल कर्जा नोक्सानी सम्बन्धी व्यवस्थाको अनुपात (%) | १८२.२१ | १५२.०२ |

र वित्तीय रूपमा सशक्त बैंकहरूमध्येमा समेत पर्दछ ।

## ६. संस्थागत नागरिक

### *आचारसंहिता*

संस्थागत सुशासनसम्बन्धी ने.रा.बैं. ले जारी गरेको मार्गदर्शन बैंकले पूर्ण रूपमा पालना गर्ने गरेको छ । बैंकका सबै संचालक र कर्मचारीहरूले ने.रा.बैं. को आचारसंहिताको पूर्ण रूपले पालना गरेका छन् । यसै वर्षमा यस बैंकले संचालकसमितिका सबै सदस्यहरू, व्यवस्थापन टोली र सबै तहका कर्मचारीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने छुट्टै आचारसंहिताको तर्जुमा र कार्यान्वयनसमेत गरेको छ । बैंकले लागू गरेको उक्त आचारसंहिता सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को भावना अनुरुप रहेको छ ।

### *आन्तरिक नियन्त्रणप्रणाली*

बैंकको संचालनका विभिन्न क्षेत्रमा पर्याप्त रूपमा आन्तरिक नियन्त्रणका उपायहरूलाई अवलम्बन गरिएको छ । आन्तरिक लेखापरीक्षकको नेतृत्वमा लेखापरीक्षण समितिप्रति सोझै उत्तरदायी रहने गरी बैंकमा एक आन्तरिक लेखापरीक्षण विभाग रहेको छ, जसले नेपाल राष्ट्र बैंकका विभिन्न निर्देशनहरूको पालना भए नभएको कुराको निगरानी राख्नेसमेतको जिम्मेवारी निर्वाह गर्ने गर्दछ । गैर कार्यकारी संचालकको नेतृत्वमा रहने बैंकको लेखापरीक्षण समितिले बैंकको वित्तीय अवस्था, आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त सुझावहरूलाई समेत समीक्ष गर्दछ र आवश्यक निर्देशनको व्यवस्था गर्दछ ।

### *जोखिम व्यवस्थापन*

बैकिङ्ग व्यवसायमा जोखिम व्यवस्थापन प्रक्रियालाई एउटा आधारभूत र अत्यावश्यक प्रक्रियाको रूपमा स्वीकार गर्दै, उतारचढावयुक्त आर्थिक वातावरणमा बैंक संचालन भइरहेको अवस्थामा जोखिम मूल्यांकनलाई बढी जोड दिइएको छ। बैंकिङ्ग क्रियाकलापका सम्पूर्ण क्षेत्रमा बैंकले आफ्नो जोखिम व्यवस्थापन संरचनाको व्यापक र विस्तृत मूल्याकंन गर्ने र बृहत दृष्टिकोणलाई अङ्गीकार गर्ने गरेको छ। समीक्ष वर्षमा समितिले आन्तरिक पूँजी पर्याप्तता मूल्यांकन कार्यविधि (आइक्याप) लाई पारित गर्नुका साथसाथै कर्जा जोखिम, बजार जोखिम, संचालन जोखिमका सम्बन्धमा छुट्टाछुट्टै नीतिहरूसमेत तर्जुमा गऱ्यो । यी नीति अन्तर्गत आइक्याप समीक्ष समिति, कर्जा जोखिम व्यवस्थापन समिति, बजार जोखिम व्यवस्थापन समिति र संचालन जोखिम व्यवस्थापन समिति गरी चार नयाँ जोखिम व्यवस्थापन समितिको गठन गरि एको छ । जोखिम व्यवस्थापन संरचनाको मुख्य उद्देश्य भनेको जोखिम र प्रतिफलबीच उचित तालमेल भई शेयरधनीहरूलाई बढी भन्दा बढी लाभ मिल्न सकोस् भन्ने अभिप्रायले बैंकको जोखिम लिने क्रियाकलापबाट प्राप्त हुने उपलब्धि र उत्पन्न हुने जोखिमलाई वहन गर्न सक्ने क्षमतासँग तालमेल रहेका कुरालाई सुनिश्चित गर्ने हो ।

वि.स. २०६७ आषाढ ३२ मा बैंकको प्राथमिक पूँजीकोष र कुल पूँजीकोष क्रमशः १०.८९ प्रतिशत र १२.२५ प्रतिशत रहेको छ, जुन अघिल्लो वर्षमा क्रमशः १०.०३ र ११.९२ प्रतिशत रहेको थियो । ने.रा.बैं. ले तोकेको न्यूनतम मापदण्ड ६% र १०% को तुलनामा बैंकको पूँजी पर्याप्तता सन्तोषजनक रहेकोले बैंकको मुनाफा वृद्धिको लागि थप लगानी वृद्धि गर्न सक्ने अवस्थामा बैंक रहेको छ ।

### *संस्थागत सामाजिक उत्तरदायित्व*

यहाँहरूको बैंकले आफू समुदायको विकासको एक हिस्सेदार भएको नाताले संस्थागत सामाजिक उत्तरदायित्वलाई आफ्नो अत्यावश्यक कार्यको रूपमा लिईनुपर्ने आफ्नो दृष्टिकोणलाई निरन्तरता दिएको छ। बैंक केवल आफ्नो व्यवसाय र मुनाफाको आधार बढाउने तर्फ मात्र सचेत छैन, आफूले व्यवसाय संचालन गरी मुनाफा आर्जन गर्ने समाजसँगको आफ्नो उत्तरदायित्वप्रति पनि उत्तिकै सचेत छ। मानव जीवनका प्रत्येक पाइलामा विशेषगरी समाजका कमजोर र पिछडिएको वर्ग तथा

सुविधा विमुखहरूलाई सहयोगको हात बढाउन यहाँहरूको बैंकले सदैव आफ्नो तत्परता देखाउँदै आएको छ । यस आर्थिक वर्षमा सामाजिक जीवनका विभिन्न क्षेत्रहरु जस्तैः शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण संरक्षण आदिसँग सम्बद्ध व्यक्ति, समूह, संस्थाहरूलाई बैंकले एक्लै वा अन्य संस्थाहरूसँग साझेदार भई सहयोग गर्‍यो ।

## ७. मुनाफाको आर्जन र वितरण

संचालकसमितिले वि.सं. २०६७ आषाढमसान्तसम्ममा आर्जित मुनाफालाई देहायबमोजिम बाँडफाँडका लागि सिफारिश गरेको छ :

*रु. हजारमा*

| विवरणहरु | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| १. गत वर्षसम्मको संचित मुनाफा | ३,८४८.८१ | १,५२८.८४ |
| २. चालु वर्षको मुनाफा | ३९१,७४२.१२ | ३१६,३७३.५० |
| ३. गत वर्षसम्मको पूँजी समायोजन कोषमा रहेको संचित रकम | ६५,०००.०० | २३०,०००.०० |
| **बाँडफाँडका लागि उपलब्ध कुल रकम** | ४६०,५९०.९३ | ५४७,९०२.३३ |
| | | |
| **बाँडफाँड** | | |
| १. साधारण जगेडा | ७८,३४८.४२ | ६३,२७४.७० |
| २. लगानी समायोजन कोष | ६४१.७२ | |
| ३. नेपाल एसबिआई बैंक लि. ६% ऋणपत्र फिर्ता कोष | २८,५७१.४३ | २८,५७१.४३ |
| ४. स्थगन कर कोष | ७,९९९.५४ | १८,९८५.१५ |
| ५. प्रस्तावित नगद लाभांश | ८३,०८०.१४ | १८,४११.११ |
| ६. प्रस्तावित बोनस शेयर | २०७,७००.३६ | ३४९,८११.१४ |
| ७. पूँजी समायोजन कोष | ५०,०००.०० | ६५,०००.०० |
| ८. संचित मुनाफा/(नोक्सान) | ४२४९.३१ | ३,८४८.८१ |

## ८. लेखापरीक्षकको नियुक्ति

आ.व. २०६६/६७ को लेखापरीक्षण कार्य मेशर्स पि.एल.श्रेष्ठ एण्ड कंम्पनी, चार्टर्ड एकाउण्टेण्टस्बाट सम्पन्न भयो । कम्पनी ऐन, २०६३ बमोजिम निज लेखापरीक्षक आ.व. २०६७/६८ का लागिसमेत पुनः नियुक्त हुन योग्य रहेको जानकारी गराउँदछु। बैंकको लेखापरीक्षण समितिको सिफारिसका आधारमा बैंकको संचालकसमितिले निज मेशर्स पि.एल.श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्लाई आ.व. २०६७/६८ को लेखापरीक्षणका लागि पुनः लेखापरीक्षकको रूपमा नियुक्त गर्न सिफारिस गरेको छ ।

## ९. संचालकसमितिमा परिवर्तन

श्री अभयकुमार सिंहको स्थानमा एस.बि.आई. का तर्फबाट श्री राजिव पाल सिंह मनोनीत हुनुभएको छ । यसैगरी श्री एस. के. भट्टाचार्यलाई चौथो संचालकको रूपमा एस.बि.आई.ले मनोनित गरेको छ । साथै श्री मोहनराज जोशीलाई विशेषज्ञ संचालकको रूपमा संचालकसमितिले नियुक्त गरेको छ । यस अवसरमा संचालक समितिको तर्फबाट श्री अभय कुमार सिंहले बैंकको कामकारवाहीलाई मार्गदर्शन गर्न आफ्नो कार्यकालमा पुर्‍याउनुभएको योगदानको उच्च प्रशंसा गर्दै श्री राजिव पाल सिंह, श्री एस.के. भट्टाचार्य तथा श्री मोहन राज जोशीलाई बैंकको नवनियुक्त संचालकको रूपमा हार्दिक स्वागत गर्न चाहन्छु ।

## १०. चालु वर्षको प्रगतिविवरण

आ.व. २०६६/६७ मा समग्र नेपाली बैंकिङ्ग व्यवसायले भोग्नुपरेको तरलता संकटले निम्त्याएको विषम परिस्थितिका कारण उच्च लागतमा बचत परिचालन गर्नुपरेकाले चालु आ.व. को प्रथम त्रैमासिक अवधिमा समेत त्यसको बाँकी असर पर्न गई कोष लागत उच्च नै रह्यो । यस्तो अवस्था हुँदाहुँदै पनि बैंकले हरेक क्षेत्रमा निरन्तर वृद्धि हासिल गरिरहेको छ ।

त्यसैगरी उक्त अवधिमा बैंकको निक्षेप रू. ३,४८९.६ करोडबाट रू. ३,८७४.४ करोड तथा कर्जा लगानी रू. १,७९६.५ करोडबाट रू. १,८९५.२ करोड पुगेको छ । त्यसैगरी चालु आ.व. को प्रथम त्रैमासिकमा रू.२७.९९ करोड सञ्चालन मुनाफा हासिल गर्न बैंक सफल भयो, जुन गत वर्षको सोही अवधिमा रू. २३.९१ करोडमात्र रहेको थियो ।

पुनःसंरचना गरिएका सबै खाले कर्जालाई खराब कर्जाअन्तर्गत राख्नुपर्ने गरी नेपाल राष्ट्र बैंकले आफ्नो मौजुदा नीतिमा परिवर्तन गरेको कारणले गर्दा चालु त्रैमासिकमा बैंकको कुल कर्जासँग खराबकर्जाको अनुपातमा भने केही वृद्धि हुन गई २.५५% पुगेको छ । उक्त नीतिमा परिवर्तन नभएको भए बैंकको सो अनुपात १.३८% मा सीमित रहने थियो ।

चालु वर्षको प्रथम त्रैमासिकको अवधिमा बैंकले थप ७ ए.टि.एम. सञ्चालनमा ल्याएको कारण बैंकको जम्मा ए.टि.एम. संख्या ५७ पुगेको छ भने यस अवधिमा थप २४,१४० ए.टि.एम. कार्ड जारी भएका छन् ।

## ११. अन्य सूचना तथा जानकारी

कम्पनी ऐन, २०६३ को दफा १०९(४) मा भएको व्यवस्थाबमोजिम संचालकको प्रतिवेदनमा उल्लेख गरिनुपर्ने अन्य विषयवस्तुहरूलाई यसै प्रतिवेदनको अनुसूचीको रूपमा राखिएको छ ।

## १२. भविष्यका योजनाहरू

समग्र आर्थिक परिवेशमा हाल विद्यमान अनिश्चयको अवस्थालाई हेर्दा आगामी वर्षहरूका लागि बैंकले के कस्तो व्यवसायिक योजना अपनाउनुपर्ने हो भन्ने कुरा अहिले नै अनुमान गर्न कठिन भएको भए तापनि हामीले अंगीकार गरेको दीर्घकालिक प्रगतिको मार्गतर्फ बैंकलाई डोऱ्याउनका लागि हामीले पर्याप्त व्यावसायिक अवसरहरू भने सिर्जना गरिसकेका छौं । समयानुकूल आफ्नो क्षमतामा सुधार गर्दै स्वाभाविक वृद्धिको माध्यमबाट दिगो प्रगति हासिल गर्नु नै आजसम्म बैंकको सबल पक्ष रहिआएको छ र रहनेछ ।

एउटा विवेकशील र विश्वासिलो संस्थाको रूपमा स्थापित आफ्नो छविलाई कायम राख्नु नै आउँदा वर्षहरूमा बैंकको रणनीति रहनेछ । नयाँ ग्राहकको खोजी गर्ने, नयाँ व्यवसायको पहिचान गर्ने र आफूमा उपलब्ध प्राविधिक सक्षमताको उपयोग गर्दै आफ्ना उत्पादन तथा सेवाहरूलाई उपभोक्ता माझ पुऱ्याउन व्यवसायिक इकाइहरूको विस्तार गर्ने कार्यलाई बैंकले निरन्तरता दिनेछ ।

आफ्ना नीति, नियम, कार्यविधि, नियन्त्रणप्रणाली र कार्यक्षमताको सशक्तिकरणमा विशेष रूपमा आफ्नो ध्यान केन्द्रित गर्दै बैंकको व्यवसाय र संचालनलाई अझ सशक्त बनाउने कार्यलाई आगामी वर्षहरूमा हाम्रो रणनीतिको प्रमुख सारतत्वको रूपमा अंगीकार गरिनेछ । क्षेत्रीय कार्यालयहरूको स्थापना जस्ता बैंकले थालेका कार्यगत पुनः संरचनाका प्रयासहरूलाई यथाशक्य छिटो कार्यान्वयन गरिनेछ । परिणामस्वरूप, आगामी दिनहरूमा सेवाको गुणस्तर, कार्यविधिगत क्षमता र आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सशक्त बनाउन र भविष्यमा आइपर्ने चुनौतीको सामनाको लागि तयार रहन बल पुग्ने अपेक्षा गरिएको छ ।

## १३. धन्यवाद ज्ञापन

अन्त्यमा, बैंकलाई प्रदत्त उचित मार्गदर्शन एवं सहयोगका लागि नेपाल राष्ट्र बैंक तथा अन्य सरकारी एवं नियामक निकायहरू, सेवा गर्ने अवसर प्रदान गर्नुहुने समस्त ग्राहकवर्ग तथा शेयरधनी, बैंकलाई निरन्तर रूपमा प्राप्त सहयोगका लागि व्यावसायिक सेवा प्रदायकहरू र बैंकप्रतिको समर्पित सेवा, इमान्दारी एवं अथक परिश्रमको लागि बैंकका कर्मचारीहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

यहाँहरूको विचार र सुझावहरूको हामी सदैव स्वागत गर्दछौं ।

धन्यवाद !

# वासलात
## २०६७ आषाढ ३२

| | पूँजी र दायित्व | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| १ | शेयर पूँजी | १,८६१,३२४,२३९ | १,२२४,३३८,९७६ |
| २ | जगेडा कोषहरु | ५८९,२२९,८३१ | ४८८,२६८,२१९ |
| ३ | ऋणपत्र तथा बण्ड | २००,०००,००० | २००,०००,००० |
| ४ | तिर्न बाँकी कर्जा सापट | – | – |
| ५ | निक्षेप हिसाब | ३४,८९६,४२४,२०१ | २७,९५७,२२०,७९४ |
| ६ | भुक्तानी दिनुपर्ने बिलहरू | ७२,३६८,२२९ | ६२,९४७,३२५ |
| ७ | प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | ८३,०८०,१४५ | १८,४११,११२ |
| ८ | आयकर दायित्व | – | – |
| ९ | अन्य दायित्व | ३४५,२५२,८२० | २१५,२५३,१२३ |
| | **कुल पूँजी दायित्व** | **३८,०४७,६७९,४६५** | **३०,१६६,४३९,५४९** |

| | सम्पत्ति | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| १ | नगद मौज्दात | ८१५,६७९,६२४ | ६५२,०२७,२६६ |
| २ | नेपाल राष्ट्र बैंकमा रहेको नगद मौज्दात | १,८४२,८०२,२३९ | ४४४,१३८,५९६ |
| ३ | बैंक वित्तीय संस्थामा रहेको मौज्दात | ७८२,७७९,६१४ | ८०,२७३,९७६ |
| ४ | माग तथा अल्पसूचनामा प्राप्त हुने रकम | – | – |
| ५ | लगानी | १६,३०५,६३२,८१५ | १३,२८६,१८१,६६० |
| ६ | कर्जा, सापट तथा बिल खरिद | १७,४८०,५४८,१९४ | १५,१३१,७४७,९४४ |
| ७ | स्थिर सम्पत्ति | ४१८,२४४,७६० | २५३,५८०,६९५ |
| ८ | गैर बैंकिङ्ग सम्पत्ति | – | – |
| ९ | अन्य सम्पत्ति | ४०१,९९२,२१९ | ३१८,४८९,४१२ |
| | **कुल सम्पत्ति** | **३८,०४७,६७९,४६५** | **३०,१६६,४३९,५४९** |

मधुकर आनन्द
प्रमुख संचालन अधिकृत

एन. के. चारी
प्रबन्धसंचालक

मोहन राज जोशी
विशेषज्ञ संचालक

बालकृष्ण श्रेष्ठ
अध्यक्ष

मनोज कुमार अग्रवाल
संचालक

हसना शर्मा
संचालक

एस.के.भट्टाचार्य
संचालक

आर.पि.सिंह
संचालक

प्रतिप चौधुरी
संचालक

पि.एल. श्रेष्ठ, एफसिए
पि.एल. श्रेष्ठ एण्ड कम्पनी,
चार्टर्ड एकाण्टेण्टस्

# नाफा-नोक्सान हिसाब

## २०६६ श्रावण १ देखी २०६७ आषाढ ३२ सम्म

| | विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|---|
| १ | ब्याज आम्दानी | २,२६९,७०४,२९१ | १,४६०,४४५,६८६ |
| २ | ब्याज खर्च | १,४४३,६९३,५७३ | ८२४,७००,२७५ |
| | **खुद ब्याज आम्दानी** | ८२६,०१०,७१८ | ६३५,७४५,४११ |
| ३ | कमिशन तथा डिस्काउण्ट | १३१,६९२,१४९ | ७८,८३६,६२४ |
| ४ | अन्य सञ्चालन आम्दानी | ७८,७९६,६६२ | ५२,७९०,१३७ |
| ५ | सटही घटबढ | ७०,३२८,२४७ | ६१,२९४,२९९ |
| | **कुल सञ्चालन आम्दानी** | १,१०६,८२७,७७६ | ८२८,६६६,४७१ |
| ६ | कर्मचारी खर्च | १३०,३३६,५३६ | १२१,९८९,१६० |
| ७ | अन्य सञ्चालन खर्च | ३४३,८५०,२६६ | २२३,९६५,५९२ |
| ८ | सटही घटबढ नोक्सान | - | - |
| | **सम्भावित नोक्सानी व्यवस्थाअघिको सञ्चालन मुनाफा** | ६३२,६४०,९७४ | ४८२,७११,७१९ |
| ९ | सम्भावित नोक्सानी व्यवस्था | ६२,३५०,५४४ | ४०,३४५,३३६ |
| | **सञ्चालन मुनाफा** | ५७०,२९०,४३० | ४४२,३६६,३८३ |
| १० | गैरसञ्चालन आम्दानी/नोक्सानी | २,५५२,८९२ | २,५१६,४०७ |
| ११ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ५६,६२१,२७६ | १९८,६७२,७८८ |
| | **नियमित कारोबारबाट भएको मुनाफा** | ६२९,४६४,५९८ | ६४३,५५५,५७८ |
| १२ | असामान्य कारोबारबाट भएको मुनाफा/नोक्सान | (३७,२६६,०००) | (१५६,२२०,८२८) |
| | **सम्पूर्ण कारोबारपछिको खुद मुनाफा** | ५९२,१९८,५९८ | ४८७,३३४,७५० |
| १३ | कर्मचारी बोनस व्यवस्था | ५३,८३६,२३६ | ४४,३०३,१५९ |
| १४ | आयकर व्यवस्था | १४६,६२०,२४३ | १२६,६५८,०९६ |
| | यस वर्षको | १८३,०१५,३५० | १३३,१२३,५०२ |
| | गत वर्षको | (२८,३९५,५६५) | २,५८२,९०० |
| | स्थगन कर | (७,९९९,५४२) | (९,०४८,३०६) |
| | **खुद नाफा/नोक्सान** | **३९१,७४२,११९** | **३१६,३७३,४९५** |

| | | | |
|---|---|---|---|
| मधुकर आनन्द<br>प्रमुख संचालन अधिकृत | एन. के. चारी<br>प्रबन्धसंचालक | मोहन राज जोशी<br>विशेषज्ञ संचालक | बालकृष्ण श्रेष्ठ<br>अध्यक्ष |
| मनोज कुमार अग्रवाल<br>संचालक | हसना शर्मा<br>संचालक | एस.के.भट्टाचार्य<br>संचालक | |
| आर.पि.सिंह<br>संचालक | | प्रतिप चौधुरी<br>संचालक | पि.एल. श्रेष्ठ, एफसिए<br>पि.एल. श्रेष्ठ एण्ड कम्पनी,<br>चार्टर्ड एकाण्टेण्टस् |

# नगद प्रवाह विवरण

## २०६६ श्रावण १ देखि २०६७ आषाढ ३२ सम्म

| यस वर्ष | विवरण | गत बर्ष |
|---|---|---|
| १,८८४,३४४,९२६ | क) कारोबार सञ्चालनबाट नगद प्रवाह | १९,७१२,५९० |
| २,५३३,३७९,०८६ | १. नगद प्राप्ति | १,६०२,१९३,१७९ |
| २,२४२,४४७,६१३ | १.१ ब्याज आम्दानी | १,३९३,२५४,६१० |
| १३१,६९२,१४९ | १.२ कमिशन तथा डिस्काउण्ट आम्दानी | ७८,८३६,६२४ |
| ७३,०२९,५९३ | १.३ विदेशी विनिमय कारोबार आम्दानी | ६२,५१९,६७५ |
| ७,०८२,००० | १.४ अपलेखित कर्जाको असुली | ८,६८०,००० |
| ७९,१२७,७३१ | १.५ अन्य आम्दानी | ५८,९०२,२७० |
| २,०१९,६४५,९४९ | २. नगद भुक्तानी | १,२०७,९४१,८८९ |
| १,४३८,९०१,७९८ | २.१ ब्याज खर्च | ८२२,५३०,७१९ |
| १२०,३६७,४१० | २.२ कर्मचारी खर्च | ९१,२०९,४४२ |
| २५८,७५१,०५६ | २.३ कार्यालय सञ्चालन खर्च | १६८,८५७,३७५ |
| १५७,३२२,५२६ | २.४ आयकर भुक्तानी | ९०,५४१,००० |
| ४४,३०३,१५९ | २.५ अन्य खर्च | ३४,८०३,३५३ |
| ५१३,७३३,१३७ | कार्यगत पूँजी गतिविधिअघिको नगद प्रवाह | ३९४,२५१,२९० |
| (५,४५७,६०६,७६७) | चालु सम्पत्तिमा कमी/वृद्धि | (१३,०१७,५३६,९२१) |
| – | १ माग तथा अल्पसूचनामा प्राप्त हुने रकममा कमी/वृद्धि | ३०४,०१२,८७७ |
| (३,०१९,४५१,१५५) | २ अल्पकालिक लगानीमा कमी/वृद्धि | (१०,१९७,२९४,७४२) |
| (२,३९८,८७७,५१८) | ३ कर्जा तथा बिल्स खरिदमा कमी/वृद्धि | (३,०३०,७३५,०२५) |
| (३९,२७८,०९४) | ४ अन्य सम्पत्तिमा कमी/वृद्धि | (९३,५२०,०३१) |
| ६,८२८,२१८,५५६ | चालु दायित्वमा कमी/वृद्धि | १२,६४२,९९८,२२१ |
| ६,९३९,२०३,४०७ | १ निक्षेप दायित्वमा कमी/वृद्धि | १४,२४१,८२५,८३४ |
| – | २ सर्टिफिकेट अफ डिपोजिटमा कमी/वृद्धि | – |
| – | ३ अल्पकालिक सापटीमा कमी/वृद्धि | (१,६२७,४८०,१९०) |
| (११०,९८४,८५१) | ४ अन्य दायित्वमा कमी/वृद्धि | २८,६५२,५७७ |
| (२५३,८०७,२०४) | (ख) लगानी कारोबारमा नगद प्रवाह | (१८५,००७,७०२) |
| – | १ दीर्घकालिक लगानीमा कमी/वृद्धि | – |
| (२५५,६०२,२२९) | २ स्थिर सम्पत्तिमा कमी/वृद्धि | (१८५,९०५,२१४) |
| – | ३ दीर्घकालिक लगानीमा ब्याज आम्दानी | – |
| १,७९५,०२५ | ४ लाभांश आम्दानी | ८९७,५१२ |
| – | ५ अन्य | – |
| ६३६,९८५,२६३ | (ग) लगानी प्रवाहमा नगद प्रवाह | – |
| – | १ दीर्घकालिन ऋण (बण्ड, डिबेन्चर आदिमा) वृद्धि/(कमी) | – |
| ६३६,९८५,२६३ | २ शेयर पूँजीमा वृद्धि/(कमी) | – |
| – | ३ अन्य दायित्वमा वृद्धि/(कमी) | – |
| – | ४ नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनः कर्जा मा वृद्धि/(कमी) | – |
| (२,७०१,३४६) | (घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च | (१,२२५,३७६) |
| २,२६४,८२१,६३९ | (ङ) यस बर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह | (१६६,५२०,४८८) |
| १,१७६,४३९,८३८ | (च) नगद तथा बैंकमा रहेको सुरु मौज्दात | १,३४२,९६०,३२६ |
| ३,४४१,२६१,४७७ | (छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात | १,१७६,४३९,८३८ |

## कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमको थप विवरण

क) **समीक्ष वर्षमा बैंकद्वारा कुनै शेयरहरू जफत भएको छैन ।**

ख) **बैंकले आर्थिक वर्ष २०६६/६७ मा सम्पन्न गरेका प्रमुख कारोबारहरू र त्यस अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तनः**
बैंकले आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा उल्लिखित उद्देश्य एवं कार्यहरूअनुरूप नै आफ्नो कारोबार सम्पन्न गरेको थियो र बैंकको कार्यप्रगतिको झलक संचालकसमितिको प्रतिवेदनमा उल्लेख गरिसकिएको छ । समीक्ष वर्षमा बैंकले सम्पन्न गरेको कारोबारको प्रकृतिमा कुनै खास परिवर्तन आएको थिएन ।

ग) कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाअनुरूप समीक्ष वर्षमा कम्पनीका आधारभूत शेयर धनीहरूबाट कुनै जानकारी प्राप्त भएको छैन ।

घ) समीक्ष आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा प्रमुख पदाधिकारीहरूले बैंकको कुनै शेयर लिएको जानकारी बैंकलाई प्राप्त भएको छैन । साथै प्रचलित कानूनको विपरीत हुने गरी निजहरूबाट बैंकको शेयर सम्बन्धमा कुनै कारोबार समेत भएको छैन ।

ङ) विगत आर्थिक वर्षमा बैंकसँग सम्बद्ध सम्झौताहरूमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ रहेको बारेमा कुनै जानकारी प्राप्त भएको छैन ।

च) बैंकले हालसम्म आफ्नो कुनै पनि शेयर आफैँले खरीद गरेको छैन ।

छ) विगत आर्थिक वर्षको कुल व्यवस्थापनखर्चको विवरणः

| **विवरण** | **रकम (रू.)** |
|---|---|
| १ कर्मचारीखर्च | १३०,३३६,५३६/- |
| २ अन्य संचालनखर्च | ३४३,८५०,२६६/- |

ज) लेखापरीक्षणसमितिः
समीक्ष आ.व.का लेखापरीक्षणसमितिमा संलग्न पदाधिकारीहरूः

| | |
|---|---|
| १) श्रीमती हसना शर्मा, कर्मचारी संचय कोषलाई प्रतिनिधित्व गर्ने संचालक | अध्यक्ष |
| २) श्री मनोज कुमार अग्रवाल, सर्वसाधारण शेयरधनीका तर्फबाट निर्वाचित संचालक | सदस्य |
| ३) प्रबन्धसंचालकबाहेक एस.बि.आई. लाई प्रतिनिधित्व गर्ने एक संचालक | सदस्य |
| ४) श्री सुदिप खनाल, आन्तरिक लेखापरीक्षक | सदस्य सचिव |

- आ.व. २०६६/६७ मा सम्पन्न भएको समितिको बैठक संख्या - ९ (नौ)

- **समितिका सदस्यलाई भुक्तानी दिइएको बैठकभत्ता :**
  एस.बि.आई. का संचालकबाहेक अरू संचालकहरूलाई- रू. १४४,०००।-

  एस.बि.आई. लाई प्रतिनिधित्व गर्ने संचालकलाई - शून्य ।

- **लेखापरीक्षणसमितिले गरेका कार्यहरू :**
- अन्य बैंकहरूको तुलनामा बैंकको वित्तीय अवस्थाको पुनरवलोकन ।
- बैंकको आन्तरिक लेखापरीक्षण विभागले गरेका कार्यहरूको सुपरिवेक्षण ।
- बैंक संचालनका विभिन्न क्षेत्रहरूसँग सम्बद्ध आन्तरिक नियन्त्रण कार्यहरूको पुनरवलकन ।
- आन्तरिक लेखापरीक्षण कार्यक्रम तर्जुमा ।

- लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकको निरिक्षण टोलीबाट दिइएका सुझावहरूको कार्यान्वयन स्थितिको पुनरावलोकन ।
- लेखापरीक्षकको नियुक्तिका लागि साधारणसभामा नाम सिफारिस गर्ने ।
- संचालकसमितिसमक्ष पेश गरिने वित्तीय विवरणहरू ठिक दुरूस्त रहे-नरहेको सुनिश्चित गर्ने ।
- नोस्ट्रो खाताहरूको अवस्थाको पुनरावलोकन गर्ने ।

**झ)कुनै पनि संचालक, प्रबन्धसंचालक, कार्यकारी प्रमुख, बैंकका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाको बैंकलाई कुनै पनि रकम बुझाउन बाँकी छैन ।**

**ञ) बैंकका सञ्चालक, प्रबन्धसंचालक तथा पदाधिकारीहरूलाई पारिश्रमिक, भत्ता तथा सुविधाको रूपमा तल लेखिएअनुसारको रकम भुक्तानी गरिएको थियो :**

**१) संचालकसमितिका सदस्यहरूको भत्ता/सुविधा :**

आर्थिक वर्ष २०६६/६७ मा बैंकका संचालकसमितिका सदस्यहरूलाई विभिन्न बैठकहरूका लागि बैठकभत्ता/सुविधावापतजम्मा रू. १,५१२,०००/- भुक्तानी भएको थियो । (अध्यक्षलाई रू. १०,०००/- प्रतिबैठक एवं अन्य संचालकलाई रू. ८,०००/- प्रतिबैठकका दरले) ।

**२) प्रबन्धसंचालक तथा अन्य पदाधिकारीहरू :**

अ) समीक्ष वर्षमा प्रबन्धसंचालक र भारतबाट खटिई आएका पदाधिकारीहरू (एस.बि.आई. ले खटाएको व्यवस्थापनटोली) लाई निजहरूको आवासभाडा तथा औषधोपचार खर्चबापत रू. १,४२७,५२०.७६ भुक्तानी गर्नुका अतिरिक्त कुनै पारिश्रमिक दिइएको थिएन । निजहरूको पारिश्रमिक तथा भत्ता एस.बि.आई. ले नै बेहोर्ने गर्दछ ।

**आ) अन्य पदाधिकारीहरू :**

बैंकका अन्य पदाधिकारीहरूलाई पारिश्रमिक, भत्ता तथा सुविधाबापत जम्मा रू. १३०,३३६,५३६/– भुक्तानी गरिएको थियो ।

**ट) शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

वि.सं. २०६७ आषाढमसान्तसम्ममा बैंकका शेयरधनीहरूको तल उल्लिखित आर्थिक वर्षहरूको लाभांश बुझिलिन बाँकी रहेको छ :

| आर्थिक वर्ष | रकम रू. |
|---|---:|
| २०५२/५३ (१९९५/९६) | २७५,२००.०० |
| २०५३/५४ (१९९६/९७) | २६४,८००.०० |
| २०५४/५५ (१९९७/९८) | ३०३,४००.०० |
| २०५५/५६ (१९९८/९९) र २०५६/५७ (१९९९/२०००) | ४६४,२५०.०० |
| २०५९/६० (२००२/०३) | ७४०,१८६.८० |
| २०६२/६३ (२००५/०६) | ९८५,७१५.२५ |
| २०६३/६४ (२००६/०७) | १,९४७,१८६.५० |
| **जम्मा** | **४,९८०,७३८.५५** |

ठ) कम्पनी ऐन, २०६३ को दफा १४१ मा व्यवस्था भएअनुरूप बैंकले समीक्ष आर्थिक वर्षमा कुनै सम्पत्ति खरिद गरेको छैन ।

ड) कम्पनी, ऐन, २०६३ को दफा १७५ मा व्यवस्था भएअनुरूप बैंकले समीक्ष आर्थिक वर्षमा आफ्ना सम्बद्ध कम्पनीसँग कुनै कारोवार गरेको छैन ।

बि.सं. २०६७/०९/२७
त्रिभुवन आर्मी अफिसर्स क्लब,
भद्रकाली, काठमाडौं ।

बालकृष्ण श्रेष्ठ
अध्यक्ष

# नेपाल एसबिआई बैंक लिमिटेडका
# शेयरधनी महानुभावहरूसमक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले एसबिआई बैंक लिमिटेडको यसैसाथ संलग्न २०६७/०३/३२ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्युटीमा भएको परिवर्तन र लेखासम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**आर्थिक विवरणहरूप्रति व्यवस्थापनको जिम्मेवारी**

२. नेपाल लेखामानअनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यो जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्नेसम्वन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य; लेखा-नीतिहरूको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने पर्दछन्।

**लेखापरीक्षकको जिम्मेवारी**

३. हाम्रो लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरूउपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमानबमोजिम सम्पन्न गर्‍यौं। यी मानले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरू सारभूत रूपमा त्रुटिरहित भएकोबारेमा मनासिब आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछन्।

लेखापरीक्षणअन्तर्गत वित्तीय विवरणमा उल्लिखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धी सम्पादन कार्यविधि संलग्न हुन्छ। यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रूपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखासहित हाम्रो व्यावसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले बैंकको आन्तरिक नियन्त्रणउपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई परिस्थितिअनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, बैकले वित्तीय विवरण तयार एबं प्रस्तुति गर्ने क्रममा अवलम्बन गरेका आन्तरिक नियन्त्रणप्रणालीको विश्लेषण गरेका छौं। लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरू एवं गरिएका महत्वपूर्ण अनुमानहरूको उपयुक्तताको तथा मूल्याङ्कनका साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखासमेत समावेश हुन्छ।

हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**मन्तव्य**

४. हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं ।

ख) नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार बैंकले ब्याज आम्दानी हिसाब नगद प्राप्तिको आधारमा लेखाङ्कन गरेको छ । जुन, नेपाल लेखामान ( ७ अनुरूप छैन । सोबाहेक बैंकले हिसाब किताब ऐन बमोजिम ठीकसंग राखेको छ ।

ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण र संलग्न अनुसूचीहरू नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा र तरिकाअनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाब किताब, बहीखाता स्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

घ) हाम्रो लेखापरीक्षणको समयमा बैकको संचालकसमितिका वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानूनविपरित लेखासम्बन्धी कुनै कामकाज वा अनियमित कार्य गरेको वा बैंकको सम्पत्ति हिनामिना गरेको वा बैंकको हानि नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

ङ) बैंकका शाखाहरूबाट प्राप्त विवरण हाम्रो लेखापरीक्षणको लागि पर्याप्त थिए ।

च) हाम्रो रायमा हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरूको आधारमा बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंकले पर्याप्त पूंजीकोष राखेको तथा सम्पत्तिमा सम्भावित नोक्सानीको लागि पर्याप्त व्यवस्था गरेको छ ।

छ) बैंकले नेपाल राष्ट्र बैंकद्वारा स्वीकृत नीतिको अधीनमा रहि यस वर्ष कर्जा अपलेखन गरेको छ ।

ज) बैंकले नेपाल राष्ट्र बैंकले दिएको निर्देशनअनुरूप कार्य गरेको छ ।

झ) बैंकले निक्षेपकर्ता तथा लगानीकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको देखिएन ।

ञ) बैंकले गरेको कार्य आफ्नो कार्यक्षेत्रभित्र रहेको पाइयो, र

ट) बैंकमा लेखासम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

५. हाम्रो रायमा, माथि उल्लिखित दफा ४ को उपदफा (ख) मा उल्लेख भएको बेहोरा बाहेक, संलग्न वित्तीय विवरणहरूले नेपाल लेखामानबमोजिम बैंकको २०६७ आषाढ ३२ गतेको वित्तीय स्थिति, सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल लेखामान/सान्दर्भिक प्रचलनबमोजिम यथार्थ चित्रण गर्दछ र कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र नेपाल राष्ट्र बैंकको निर्देशनको अनुपालना गर्दछ ।

स्थानः काठमाडौं
मितिः २०६७/०६/२१

पुष्पलाल श्रेष्ठ एफ.सि.ए.,
साझेदार
पि. एल. श्रेष्ठ एण्ड कं.,
चार्टर्ड एकाउण्टेण्टस्

**द्रष्टब्य :**

यो संक्षिप्त वार्षिक आर्थिक विवरण बैंकको १७ औं वार्षिक प्रतिवेदनको पूर्ण विवरण नभई आ.व. २०६६/२०६७ को वार्षिक आर्थिक विवरणका प्रमुख कुराहरूलाई मात्र समेटिएर तयार गरिएको संक्षिप्त पुस्तिका हो ।

शेयरधनी महानुभावहरूले बैंकको १७ औं वार्षिक प्रतिवेदनको पूर्ण विवरण बैंकको हात्तिसार, काठमाडौं स्थित प्रधान कार्यालयमा कार्यालयसमयभित्र सम्पर्क राखी वा बैंकको वेवसाइट www.nepalsbi.com.np मार्फत प्राप्त गर्न सक्नुहुनेछ ।

प्रस्तुत संक्षिप्त वार्षिक आर्थिक विवरण, संचालकको प्रतिवेदन, आ.व. २०६६/०६७ को वार्षिक आर्थिक विवरण र कम्पनी ऐन, २०६३ को दफा ८४ अनुरूप रहेको भनी स्वतन्त्र लेखापरीक्षक पि.एल. श्रेष्ठ एण्ड कं. चार्टर्ड एकाउण्टेण्टसबाट राय प्राप्त भएको छ ।

## नेपाल एसबिआई बैंक लि. को सत्रौ वार्षिक साधारणसभामा प्रस्तावित नेपाल एसबिआई बैंक लि. को प्रबन्धपत्रमा संशोधनको तीन महले

**कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित**
**(शेयरहरूमा सीमित दायित्व भएको)**
**नेपाल एसबिआई बैंक लि. को प्रबन्धपत्रमा संशोधनको तीन महले**
**(सत्रौं वार्षिक साधारणसभामा प्रस्तावित)**

| हालको व्यवस्था दफा/ उपदफा | | संशोधित व्यवस्था दफा/ उपदफा | | संशोधनको कारण |
|---|---|---|---|---|
| ५.१ | **बैंकको पूँजीको संरचना देहायबमोजिम हुनेछः** | ५.१ | **बैंकको पूँजीको संरचना देहायबमोजिम हुनेछः** | |
| | (ख) बैंकको जारी पूँजी रू. १,६६,१६,०२,८९६।– (एक अर्ब छैसठ्ठी करोड सोऱ्ह लाख दुई हजार आठ सय छयान्नब्बे) हुनेछ । | | (ख) बैंकको जारी पूँजी रू. १,८६,९३,०३,२५८।– (एक अर्ब छयासी करोड त्रियान्नब्बे लाख तीन हजार दुई सय अन्ठाउन्न) हुनेछ । | नेपाल राष्ट्र बैंकबाट जारी गरि एको निर्देशनअनुरूप बैंकको व्यवसायको लागि आवश्यक पूँजी वृद्धि गर्न । |
| | (ग) बैंकको चुक्ता पूँजी रू. १,२२,४३,३८,९७६।– (एक अर्ब बाइस करोड त्रिचालिस लाख अड्तिस हजार नौ सय छयत्तर रूपैयाँ) हुनेछ । | | (ग) बैंकको चुक्ता पूँजी रू. १,८६,९३,०३,२५८।– ( एक अर्ब छयासी करोड त्रियान्नब्बे लाख तीन हजार दुई सय अन्ठाउन्न) हुनेछ । | नेपाल राष्ट्र बैंकबाट जारी गरि एको निर्देशनअनुरूप बैंकको व्यवसायको लागि आवश्यक पूँजी वृद्धि गर्न । |

टिपोट: